नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

सिंहदरबार काठमाडौं

फोन:०१-४२००
४२००
www.mofaga.gov
सिंहदरबार, काठमाण

प.सं.: ०७६/७७ (सा.स.सा.सु.)
च.नं.: ११२

मिति २०७७।०३।११

श्री स्थानीय तह (सबै),

विषय : राय/सुझाव उपलब्ध गराउने सम्बन्धमा ।

उपर्युक्त विषयमा यस मन्त्रालयबाट तयार गरिएको **'सामाजिक समावेशीकरण नीति, २०७६'** को मस्यौदा प्रति यसै पत्रसाथ संलग्न छ । उक्त मस्यौदालाई परिष्कृत गरी अन्तिम रुप दिन तहाँ समेतको राय सुझाव माग गर्ने गरी माननीय मन्त्रीस्तरबाट मिति २०७७।०३।०४ मा निर्णय भएकाले सो अनुरुप संलग्न मस्यौदा उपर तहाँको राय १५ (पन्ध्र) दिनभित्र देहायको ईमेलमा उपलब्ध गराईदिनुहुन निर्णयानुसार अनुरोध छ ।

Email:

1. inclusionmofaga@gmail.com
2. baburam1@gmail.com

..................
बन्दना कर्ण
(शाखा अधिकृत)

बोधार्थ :

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन ।

# बिषयसूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. विगतका व्यवस्था र प्रयासहरु | २ |
| ३. वर्तमान स्थिति | ४ |
| ४. समस्या तथा चुनौतीहरु | ५ |
| ४.१ समस्याहरु | ५ |
| ४.२ चुनौतीहरु | ६ |
| ५. नीतिको आवश्यकता | ६ |
| ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य | ७ |
| ६.१ दीर्घकालीन सोच | ७ |
| ६.२ दीर्घकालीन लक्ष्य | ७ |
| ६.३ नीतिको उद्देश्य | ७ |
| ७. नीतिहरु | ७ |
| ८. रणनीति: | ८ |
| ९ कार्यनीति | ९ |
| १० संभाव्य जोखिम र निराकरणका उपायहरु | २० |
| ११ नीति कार्यान्वयनका लागि मुख्य क्रियाकलापहरु र जिम्मेवार निकाय | २१ |
| १२. संस्थागत व्यवस्था | २७ |
| १२.१ संघीय तह | २७ |
| १२.२ प्रदेश तहः | ३० |
| १२.३ स्थानीय तह | ३१ |
| १३. नीतिको पुनरावलोकन तथा सुधार | ३२ |
| १४. खारेजी र बचाउ | ३२ |

# सामाजिक समावेशीकरण नीति, २०७६

(प्रारम्भिक मस्यौदा)

## १. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र हो । विविधता भित्र रहेका सकारात्मक पक्षलाई समेट्दै विद्यमान विभेद अन्त्यको लागि नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानले परिकल्पना गरे बमोजिम राज्य संरचनाका सम्पूर्ण तह र निकायहरूमा सबै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यता अनुरुपसहभागी गराई सामाजिक समावेशीकरणका मुद्दालाई नीतिगत तथा कानूनीरुपमा थप व्यवस्थित गर्न आवश्यक भएको छ ।

मुलुकलेसंघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वनगरेकोसन्दर्भमा संघीय सरकार तथा मातहतका निकाय, संवैधानिक निकाय, प्रदेश सरकार तथा स्थानीय तह र अन्तर्गत संचालन हुने योजना तथा कार्यक्रमहरुलाई समावेशी बनाउनराष्ट्रिय नीतिबाट मार्गदर्शन गर्नुपर्ने देखिएको छ।यस कार्यका लागि विगतमा भएका सार्थक प्रयास तथा असल अभ्यासहरुलाई समेत आत्मसात् गर्दै बञ्चितीकरणका विषयहरुलाई समावेशीकरणको अवधारणा बमोजिम सम्बोधन गर्न जरुरी छ ।

यस सन्दर्भमा विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तक्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न र सबै तह, क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ननीति आवश्यक देखिएकोले "राष्ट्रिय सामाजिक समावेशीकरण नीति, २०७६" तर्जुमा गरिएको छ ।

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

## २. विगतका व्यवस्था र प्रयासहरु

नेपालमा विगत देखि नै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका,ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू,सामाजिक, आर्थिक वा शैक्षिकरुपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाईविकासकोसमग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ।यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवं निर्णय प्रक्रिया तथा सो को कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संस्थागतरुपमा संचालन भएका छन्। विगत देखि नै संचालित यी कार्यक्रमहरुबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ।

दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिकसमावेशीकरण अवधारणालाई अन्तर-सम्वन्धित विषय(Cross-cutting issues) का रुपमा स्थान दिईएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरुलाई समाधान गर्न संकल्प गरे अनुरुप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख वहसको रुपमा अंगीकार गरिएकोथियो । वि. सं. २०६३/०६४ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भईसमावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्वन्धी संरचनाहरु स्थापना गर्ने कार्यको थालनी पनि हुंदै आएको सन्दर्भमा लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ तर्जुमा भई कार्यान्वयनमा रहेको थियो ।

यसै सन्दर्भमा पिछडिएका समुदाय र क्षेत्रलाई सम्बोधन गर्नका लागि संस्थागतरुपमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदीवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, आदिवासी जनजाति

नेपाल सरकार
महिला तथा सामाजिक ... मन्त्रालय
सिंहदरबार, काठमाडौं

उत्थान राष्ट्रिय प्रतिष्ठान, उपेक्षित उत्पिडित दलित वर्ग उत्थान विकास समिति, पिछडिएको समुदाय उत्थान विकास समिति र बादी समुदाय उत्थान बिकास समिति, लगायतका निकायहरु स्थापना गरिएको छ ।

यस सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरुपमा तर्जुमा एवं कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालिन स्थानीय निकायको निःशर्त पुँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाईन्छ । साथैतत्कालिन स्थानीय निकायहरुमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी, अपांगता समन्वय सम्वन्धी संरचनाहरु गठन गरी ती समुदायलाई संस्थागतरुपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको एवंसामाजिक परिचालन मार्फत आर्थिक तथा सामाजिकरुपमा पिछडिएकातथा बञ्चितिकरणमा परेका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरु भएको पाईन्छ।

नेपालको संविधानको प्रस्तावनामावर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्वन्धमा स्पष्ट रुपमा उल्लेख भएको छ ।साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरुप दिन विभिन्न मौलिक हकको प्रत्याभूति गर्नुका साथै मौलिकहक सम्वन्धी कानुनहरु संघीय संसदबाट अनुमोदन भैसकेको अवस्था छ । साथै समावेशी विकासको लागि थप सातवटा संवैधानिक आयोगहरुको व्यवस्था समेत नेपालको संविधानले गरेको छ ।स्थानीय तहका विभिन्न पदहरुमा जातीय, लैङ्गिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ ।आफ्नो धर्म संस्कृति भाषाको संरक्षण र संवर्धनका

लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा क्षेत्रमा यस्ता समुदायहरुको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रियालाई थप प्रभावकारी बनाउने सम्भावना रहेका छन् ।

नेपालको पन्ध्रौ योजनाको आधार पत्रमा सामाजिक क्षेत्र अन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरु लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामुलक राष्ट्रको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ ।साथै सोही आधारपत्रले मानव विकास सुचकांकको आधारमा पछाडी परेका समुदायहरुको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य राखेको छ ।

## ३. वर्तमान स्थिति

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला,दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग,मुस्लिमआयोगको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने व्यवस्था गरिएको छ ।

नेपालमा वि.सं. २०६८ को राष्ट्रिय जनगणना वमोजिम कूल जनसंख्याको ५१.४ प्रतिशत महिला रहेकोमा महिलाको साक्षरता ५७.७ प्रतिशत र पुरुषको साक्षरता ७५.७ प्रतिशत रहेको छ । यस्तै सम्पत्तिमा महिलाको स्वामित्व २६ प्रतिशत रहेको छ ।निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या प्रतिशत हेर्दा प्रदेश नं १, बागमती र

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

सुदूर पश्चिम प्रदेशको क्रमशः १२.४, १५.३ र ३३.९ प्रतिशत रहेको देखिन्छ । प्रदेश नं १ र सुदूर पश्चिम प्रदेशको गरिबीको रेखामुनी रहेको जनसंख्या प्रतिशत झण्डै तेब्बरको अन्तर रहेको देखिन्छ । यी आँकडाहरुले नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय असमानता अझै विद्यमान रहेको तथ्य समेत दर्शाउँदछन् ।यी असमानताहरुलाई सम्बोधन गर्न राज्यका सबै तह र अंगहरुलाई प्रभावकारीरुपमा परिचालन गर्न आवश्यक देखिएको छ ।

## ४. समस्या तथा चुनौतीहरु

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्य संयन्त्रमा सवै नागरिकको समतामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण आवश्यक छ । नेपालको सन्दर्भमा सामाजिक समावेशीकरणको समस्या तथा चुनौतीहरु मूलतः देहाय अनुसार रहेका छन् ।

### ४.१ समस्याहरु

१. सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा नहुनु,

२. सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहनु,

३. राज्यका स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवं क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु,

४. वञ्चितीकरणमा परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरुपमा सशक्तीकरण गर्न नसक्नु,

५. शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु,

६. अनुगमन तथा मूल्यांङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्वन्धी सूचकहरुलाई समावेश गर्न नसकिनु,

७. विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु,

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

८. विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजातिबीच हुने व्यवहारगत विभेद हट्न नसक्नु ।

## ४.२ चुनौतीहरु

१. सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरुबीच साझा दृष्टिकोण कायम गर्नु,

२. नीति कार्यान्वयनमा संलग्न निकायहरुबीच प्रभावकारी समन्वय गर्नु,

३. राज्यको स्रोत साधन, अवसर र लाभमा वञ्चितीकरणमा परेका सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु,

४. वञ्चितिमा परेका वर्ग, क्षेत्र र जातजातिमा व्याप्त गरिवी घटाउनु ।

५. विभिन्न समुदाय तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु ।

६. राज्यका सबै निकाय र तहहरुको संरचनामा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु ।

## ५. नीतिको आवश्यकता

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरुको सामना एवं समस्याको समाधान गर्न देहायका कारणले सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छ :

१. समावेशी शासन व्यवस्थाको प्रबर्द्धन गर्न,

२. राज्यका नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सवै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,

३. राज्यका सवै तहहरुले तर्जुमा गर्ने नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,

४. संघ, प्रदेश र स्थानीय तहहरुमा समावेशीकरण सम्वन्धी नीतिगत एकरुपता र सामञ्जस्यता कायम गर्न,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

५. समावेशीकरण सम्वन्धी कानूनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्‍याउन,

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका समावेशीकरण सम्वन्धी प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न,

७. लोकतन्त्रका लाभहरुलाई सबै नागरिकहरुबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

## ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्धेश्यहरु निम्नानुसार रहने छन् ।

### ६.१ दीर्घकालीन सोंच

समतामूलक र समृद्ध समाजको निर्माण ।

### ६.२ दीर्घकालीन लक्ष्य

दीगो विकास लक्ष्य अन्तर्गतका सामाजिक समावेशीकरणका सूचकहरु प्राप्त गर्ने ।

### ६.३ उद्देश्य

वञ्चिति र बहिष्करणमा परेका व्यक्तिहरुको सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट राज्यका सवै तह, क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने ।

## ७. नीतिहरु

७.१ सामाजिक समावेशीकरणको अवधारणालाई राज्यका सबै तह र क्षेत्रमा संस्थागत गर्ने ।

७.२ नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

७.३ वञ्चितिमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

७.४ राज्य संयन्त्रबाट उपलब्ध हुने स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तिकरण गर्ने ।

७.५ सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

## ८ रणनीति

**नीति १: सामाजिक समावेशीकरणको अवधारणालाई राज्यका सबै तह र क्षेत्रमा संस्थागत गर्ने ।**

८.१.१: समावेशीकरणलाई संस्थागत गर्न आवश्यक कानुन एवं कार्यविधि तर्जुमा तथा परिमार्जन गर्ने।

८.१.२ राज्यका सबै तह र क्षेत्रमा समावेशीकरण प्रवर्द्धन सम्वन्धी दीर्घकालीन तथा अल्पकालिन योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

८.१.३ राज्यका सबै तहहरुमा समावेशीकरण सम्वन्धी आवश्यक संरचनाहरुको स्थापनामा जोड दिने ।

८.१.४ सामाजिक समावेशीकरणका लागि विकास साझेदार, सहकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।

**नीति २: नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।**

८.२.१ वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत खण्डिकृत सूचना अध्यावधिक गरी नीति तथा कार्यक्रममा आवद्ध गर्ने ।

८.२.२ राज्य संयन्त्रमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

८.२.३ संघ, प्रदेश तथा स्थानीय तहका योजना तर्जुमा, स्रोत परिचालन र व्यवस्थापनमा समावेशीकरणलाई आन्तरिकीकरण गर्ने ।

८.२.४ लक्षित वर्गलाई आफ्ना साझा समस्याहरु पहिचान गरी समाधान गर्न सक्षम बनाउने ।

८.२.५ सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

**नीतिः३ वञ्चितिमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।**

८.३.१ वञ्चितिकरणमा परेका वर्ग तथा समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने ।

८.३.२सामाजिक सद्भभाव सुमधुर बनाउन विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन र व्यवहार अन्त्य गर्ने ।

**नीति४:लक्षित समुदायको सशक्तीकरण तथा सबलीकरण गर्ने ।**

८.४.१लक्षित वर्ग, क्षेत्र र समुदायको क्षमता अभिवृद्धि गरी आर्थिक तथा सामाजिकरुपले सशक्तीकरण गर्ने ।

८.४.२आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

८.४.३ सामाजिक जोखिम र पारिवारिक बहिष्करणमा परेका व्यक्तिको पहिचान, संरक्षण, पुनःस्थापन र सशक्तिकरण गर्ने ।

८.४.४ समावेशीकरणको अवधारणालाई लक्षित वर्गमाझ पुर्याउन स्थानीय स्तरमा प्रवोधीकरण तथा सचेतना कार्यक्रम संचालन गर्ने ।

नीति ५: **सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।**

८.५.१ लक्षित कार्यक्रमहरुको सञ्चालन गर्ने निकायहरुको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।

८.५.२ संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय र सहकार्य गर्ने ।

८.५.३ सामाजिक समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अनुसरण गर्ने ।

## ९ कार्यनीति

**नीति १: सामाजिक समावेशीकरणको अवधारणालाई राज्यका सबै तह र क्षेत्रमा संस्थागत गर्ने ।**

**रणनीति: ८.१.१ समावेशीकरणको अवधारणालाई संस्थागत गर्न आवश्यक कानुन, कार्यविधि तर्जुमा तथा परिमार्जन गर्ने।**

९.१.१.१ प्रदेश र स्थानीय तहबाट स्थानीय आवश्यकता अनुकूल हुने गरी सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानून तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

९.१.१.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरुप क्षेत्रगत मन्त्रालय तथा निकायहरुको कानून, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ ।

९.१.१.३ मौजूदा कानूनहरुलाई समय सापेक्षरुपमा समावेशी मैत्री बनाउन आवश्यकता अनुरुप पुनरावलोकन गरी परिमार्जन गरिनेछ ।

९.१.१.४ प्रदेश तथा स्थानीय तहले निर्माण गर्ने कानून तथा कार्यविधिलाई समावेशीमैत्री बनाउन नमूना कानूनहरुको तर्जुमा गरी सहजीकरण गरिनेछ ।

९.१.१.५ समावेशी सम्बन्धी कानून तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा सम्बध्द सरोकारबालाहरुसँग परामर्श तथा समन्वय गरिनेछ।

९.१.१.६ नेपाल पक्ष भएका अभिसन्धीहरु अनुरुपका दायित्वहरुलाई कार्यान्वयन गर्न भइरहेका कानून तथा कार्यविधिमा परिमार्जन तथा आवश्यक नयाँ कानून तथा कार्यविधि तर्जुमा गरिनेछ ।

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ

९.१.१.७ आर्थिक, सामाजिक तथा भौगोलिकरुपले पछाडि परेका नागरिकहरुको राजनैतिक, सामाजिक, प्रशासनिक लगायत राज्यका अंग तथा क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानूनहरुमा परिमार्जन गरिनेछ ।

९.१.१.८ सामाजिक समावेशीकरणलाई सबै विकास साझेदार र सरोकारवालाहरुको नीति तथा रणनीतिमा आत्मसात् गर्न पहल गरिनेछ ।

९.१.१.९ स्थानीय तहमा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधि तर्जुमा गर्न आवश्यकतानुसार गैर सरकारी तथा निजी क्षेत्र समेतको सहयोग लिइनेछ ।

**रणनीति: ८.१.२ राज्यका सबै तह र क्षेत्रमा समावेशीकरणसम्वन्धी दीर्घकालीन तथा अल्पकालिन योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।**

९.१.२.१ राज्यका सबै तहका क्षेत्रगत नीति, आवधिक योजना तथा कार्यक्रमहरु सामाजिक समावेशीकरणको मान्यता अनुरुप तर्जुमा गर्न जोड दिइनेछ ।

९.१.२.२ गाउँ तथा बस्तीस्तर देखि नै स्थानीय समस्याहरु पहिचान गरी लक्षित समूहमार्फत सहभागितामूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई स्थानीयकरण गरिनेछ ।

९.१.२.३ सबै विकास साझेदार र गैर सरकारी संस्था तथा निजी क्षेत्रलाई सामाजिक समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न परिचालन गरिनेछ ।

९.१.२.४ सरकारी, सहकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित समावेशीकरण संबन्धी कार्यक्रमलाई स्थानीय तहको योजना प्रक्रियामा आबद्ध गरिनेछ।

९.१.२.५समावेशीकरणका लागि विभिन्न निकाय वा संघ संस्थाबाट संचालित लक्षित कार्यक्रमहरुमा दोहोरोपना आउन नदिन आवश्यक व्यवस्था गरिनेछ ।साथै यी कार्यक्रमहरुको प्रभावकारी अनुगमन गरी पृष्ठपोषण गर्ने कार्यलाई सुनिश्चत गरिनेछ ।

९.१.२.६सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याँकन गरिनेछ ।

९.१.२.७समावेशीकरण सम्वन्धी नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्न राज्यका सवै तह र संयन्त्रलाई परिचालन गरिनेछ ।

**रणनीति ८.१.३ राज्यका सबै तहहरुमा समावेशीकरण सम्वन्धी आवश्यक संरचनाहरुको स्थापनामा जोड दिने ।**

९.१.३.१ समावेशीकरणका लागि राज्यका सबै तहमा आवश्यकता अनुसार संरचनाहरुको व्यवस्था गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याँकन तथा समन्वयको कार्य गरिनेछ ।

नेपाल सरकार । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबार, काठमाण्डौ

९.१.३.२ स्थानीय सरकारबीच प्रभावकारी समन्वयका लागि प्रदेश समन्वय परिषद्बाट समन्वयकारी भूमिकाको सुनुश्चितता गरिनेछ ।

९.१.३.३ राज्यका सवै निकायमा सामाजिक समावेशीकरण सम्पर्क विन्दु र पदाधिकारी तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरिनेछ ।साथै सम्पर्क विन्दुमार्फत यससम्बन्धी सूचना आदान प्रदान गर्ने पध्दति स्थापित गरिनेछ ।

९.१.३.४ जोखिम र पारिवारिक बहिष्करणमा परेका व्यक्तिको संरक्षणका लागि स्थानीयस्तरमा संरक्षणगृहहरुको स्थापना र संचालन गरिनेछ ।

९.१.३.५ बन्चितिकरणमा परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरुको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति ८.१.४ सामाजिक समावेशीकरणका लागि विकास साझेदार, सहकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।**

९.१.४.१ जोखिम तथा पारिवारिक बहिष्करणमा परेका, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावकविहिन नागरिकको संरक्षण, पुनःस्थापनतथा क्षमता विकास गर्न विकास साझेंदार, सहकारी तथा गैरसरकारी संस्थाहरु र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ ।

९.१.४.२ प्रत्येक स्थानीय तहका बहिष्करणमा परेका नागरिकहरुको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यता बमोजिम शशक्तिकरण गर्न विकास साझेदार, सहकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ ।

९.१.४.३ विकास साझेदार, सहकारी तथा गैरसरकारी संस्थाहरु र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षिय हितका लागि कार्य गर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिनेछ ।

९.१.४.४ समावेशीकरणको अवधारणालाई कार्यान्वयन गर्न राज्यका सबै तह र क्षेत्रका लागि आवश्यकता अनुसार विकास साझेदार, सहकारी तथा गैरसरकारी संस्थाहरु र निजी क्षेत्रको भूमिका निर्दिष्ट गरिनेछ ।

९.१.४.५ स्थानीय तहसँग सहकार्य गरी उत्पिडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, शशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सहकारी तथा गैरसरकारी संस्थाहरुलाई समेत परिलक्षित गरिनेछ ।

९.१.४.६ स्थानीय तहको आव्रश्यकतामा आधारित भईसमावेशी विकास प्रकृयामा योगदान पुर्याउन विकास साझेदार, सहकारी तथा गैरसरकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र सामुदायिक तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थालाई परिचालन गरिनेछ ।

नेपाल सरकार
महिला बालबालिका तथा सामाजिक ...
सिंहदरबार, काठमाडौं

९.१.४.६ सामुदायिक तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको भूमिका तथा लगानीलाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरुको स्थापना, स्वीकृति, संचालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अवलम्बन गरिनेछ ।

**नीति २ः नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।**

**रणनीति ८.२.१ वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको आधारभूत खण्डिकृत सूचना अध्यावधिक गरी नीति तथा कार्यक्रममा आवद्ध गर्ने ।**

९.२.१.१ प्रत्येक स्थानीय तहमा वञ्चितिमा परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी खण्डिकृत तथ्याँक राखिनेछ ।

९.२.१.२ स्थानीय तहको खण्डिकृत तथ्याँकलाई प्रदेशगत तथा संघगतरुपमा एकीकृत गरी समग्र स्थानीय, प्रदेश र संघस्तरको एकीकृत तथ्याँक डाटावेश तयार गरिनेछ ।

९.२.१.३ बन्चितिमा परेका व्यक्ति तथा समुदायको आधारभूत खण्डिकृत तथ्याँक संकलन, विश्लेषण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि वास्तविक समयमा आधारित जीवन्त सूचना प्रणाली (Real Time Basis-On line Information System ) को डिजाइन तथा विकास गरी कार्यान्वयन गरिनेछ ।

९.२.१.४ नविनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याँकका आधारमा दोहोरोपना नआउने गरी राज्यका सबै तह र क्षेत्रबाट लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याँकन गरिनेछ ।

९.२.१.५ सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न राज्यका सबै तह र क्षेत्रको क्षमता बिकास र संस्थागत सुदृढीकरण गरिनेछ ।

९.२.१.६ सबै तह र क्षेत्रमा बन्चितिकरणमा परेका समुदायहरुको आधारभूत सूचना आदानप्रदान गर्न स्वचालित विद्युतीय प्रणालीको उपयोग गरिनेछ ।

९.२.१.७ स्थानीय तहमा नविनतम सूचना प्रणालीको स्थापना तथा संचालन गर्न विकास साझेदार तथा गैरसरकारी संस्थाहरुको सहयोग परिचालन गरिनेछ ।

**८.२.२ राज्य संयन्त्रमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्ने ।**

९.२.२.१ आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु (महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तीकृत, अल्पसंख्यक, अपाङ्ग भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ

वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्य) लाई समानुपातिक समावेशी सिध्दान्तका आधारमा राज्यका निकायमा प्रतिनिधित्व गराइनेछ ।

९.२.२.२ संघ, प्रदेश र स्थानीय तहका सरकारी संरचनाहरुमा लक्षित समुदायहरुको अपेक्षित प्रतिनिधित्व गराइनेछ ।

९.२.२.३ राज्य संयन्त्रमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न सबै तहका मौजुदा कानूनहरुमा पुनरावलोकन गरी भईरहेका कानून परिमार्जन तथा आवश्यकता अनुरुप नयाँ कानून तर्जुमा गरिनेछ ।

९.२.२.४ राज्यका विभिन्न तह र अंगका मनोनयन, निर्वाचन तथा नियुक्त हुने सार्वजनिक पदहरुमा समानुपातिक समावेशी सिध्दान्त बमोजिम लक्षित वर्गको प्रतिनिधित्व हुने गरी पदपूर्ति गरिने व्यवस्था मिलाइनेछ ।

९.२.२.५ स्थानीय तहको योजना प्रक्रियाका चरणहरु लगायत अवसर तथा लाभ बितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून तथा कार्यविधिहरुको परिमार्जन तथा तर्जुमा गरिनेछ ।

९.२.२.६ स्थानीय तहका विकास निर्माण लगायतका कार्यमा गठन गरिने समिति, उपसमिति, समूह वा कार्यदलमा नियुक्त वा मनोनयन गर्दा समानुपातिक समावेशीता कायम गरिनेछ ।

९.२.२.६ राज्यका सबै तह र क्षेत्रमा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरुको पुनरावलोकन गरी परिमार्जन गरिनेछ । साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरुको तर्जुमा गरिनेछ ।

**८.२.३ संघ, प्रदेश तथा स्थानीय तहका योजना तर्जुमा, स्रोत परिचालन र व्यवस्थापनमा समावेशीकरणलाई आन्तरिकीकरण गर्ने ।**

९.२.३.१ मुलुकको बहुलतायुक्त सामाजिक स्वरुपलाई पूँजीको रुपमा स्थापित गरी राष्ट्रिय विकासमा परिचालन गर्न सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमका रुपमा अंगिकार गरिनेछ ।

९.२.३.२ विभिन्न जाति एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम संचालन गरिनेछ ।

९.२.३.३ बन्चितिकरणमा परेका वर्गहरुको आधारभूत तथ्याँकका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ ।

९.२.३.४ स्थानीय आवश्यकताका आधारमा लक्षित वर्गलाई आफ्ना समस्या आँफै पहिचान गरी समाधान गर्न योजना प्रक्रियका हरेक चरणमा सहभागी गराइनेछ ।

९.२.३.५ लक्षित वर्गलाई योजना तर्जुमाका सबै प्रक्रियाहरुमा सहभागी गराउन भइरहेका कार्यविधि तथा मापदण्डहरुको पुनरावलोकन गरी परिमार्जन गरिनेछ ।साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरुको तर्जुमा गरिनेछ ।

९.२.३.६ लक्षित समुदायहरुलाई योजनाको मूल्याँकन लगायत सोबाट सृजित लाभ लिन तथा अवसरहरुको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शीता र स्वमूल्याँकन विधिको अवलम्बन गरिनेछ ।

**८.२.४ लक्षित वर्गलाई आफ्ना साझा समस्याहरु पहिचान गरी समाधान गर्न सक्षम बनाउने ।**

९.२.४.१ लक्षित वर्ग,क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरुपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिबृध्दि तथा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

९.२.४.२ आर्थिक, सामाजिकरुपले पछाडि परेका लक्षित वर्गलाई उपलव्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरी उनीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

९.२.४.३ लक्षित वर्गको सामाजिक सशक्तीकरणका लागि स्थानीयस्तरमा क्रियाशील गैरसरकारी संस्था, नागरिक समाज र संचार माध्यमलाई परिचालन गरिनेछ ।

९.२.४.४ स्थानीय तहमा आर्थिक तथा सामाजिकरुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी आर्थिक तथा समाजिक विकासका लक्षित कार्यक्रम संचालन गरिनेछ।

**८.२.५ सामाजिक समावेशीकरणसम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।**

९.२.५.१ स्थानीय तहहरुबाट उपभोक्ता समितिमार्फत निर्माण हुने स्थानीय विकास निर्माणसम्बन्धी क्रियाकलापहरुमा लक्षित समुदायको सहभागितालाई सुनिश्चित गरिनेछ ।

९.२.५.२स्थानीय तहका विकास निर्माण कार्यको अनुगमन तथा मूल्याँकन र लाभ बितरणमा बन्चितिकरणमा परेका लाभग्राही समेतको सहभागितालाई सुनिश्चित गर्न कार्यविधि तथा मापदण्डको पुनरावलोकन, परिमार्जन तथा तर्जुमा गरिनेछ ।

**नीतिः३ वञ्चितिमा परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्रासिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।**

**रणनीति: ८.३.१ वञ्चितिकरणमा परेका वर्ग तथा समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने ।**

कार्यनीति: ९.३.१.१ मुलुकमा उपलब्ध स्रोतसाधनमा महिला, आदिवासी जनजाती, दलित, मधेशी, मुश्लिम समुदाय, अल्पसंख्यक, लोपोन्मुख जाति लगायत पिछडिएका वर्गका नागरिकहरुको पहुँच बढाइनेछ ।

९.३.१.२ विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी राज्यको संरचना, स्रोतसाधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

९.३.१.३ आर्थिक सामाजिक तथा राजनैतिक अवसरबाट बन्चितिमा परेका लक्षित वर्गको उपलव्ध साधन सुविधामा समानुपातिक समावेशी पहुँच सुनिश्चित गरिनेछ ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं

९.३.१.४ लक्षित समुदायमा रहेको गरिवी घटाउन, विभिन्न वर्ग र समुदायबीचको आर्थिक, शैक्षिक तथा सामाजिक क्षेत्रको अन्तर कम गर्दै सामाजिक न्याय सहितको समावेशी विकास हाँसिल गर्न क्षेत्रगत लक्षित कार्यक्रम संचालन गरिनेछ ।

९.३.१.५ लक्षित समुदायका मानव विकास सूचकाँकका आधारमा विशेष कार्यक्रमहरु संचालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

९.३.१.६ सिमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

**८.३.२सामाजिक सद्भभाव सुमधुर बनाउन विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन र व्यवहार अन्त्य गर्ने ।**

९.३.२.१समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन, व्यवहार र कुरितिको अन्त्यका लागि आवश्यक कानूनहरुको तर्जुमा र भइरहेका कानूनको पुनरावलोकन तथा परिमार्जन गरिनेछ । साथै विद्यमान कानूनहरुको प्रभावकारी कार्यान्वयनका लागि सरकारका सबै तह तथा सम्बध्द निकायहरुको समन्वयात्मक सहयोगमा जोड दिइनेछ।

९.३.२.२ समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता हटाउन चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९.३.२.३ स्थानीय तहमा सामाजिक आचरण र व्यवहार सम्वन्धी आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

९.३.२.४ समाजमा रहेको कुरिति तथा भेदभावजन्य प्रचलन र व्यवहार विरुद्ध जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९.३.२.५ सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानूनहरुको स्थानीय स्तरमा प्रवोधिकरण गरी कानूनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ।

९.३.२.६ बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछूत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, वालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरिति र अन्धविश्वास अन्त्य गर्न गराउन स्थानीय तहलाई सक्रिय गराइनेछ ।

**नीति ४: लक्षित समुदायको सशक्तीकरण तथा सबलीकरण गर्ने ।**

**रणनीति ८.४.१: लक्षित वर्ग, क्षेत्र र समुदायको क्षमता अभिवृद्धि गरी आर्थिक तथा सामाजिकरुपले सशक्तीकरण गर्ने ।**

कार्यनीति ९.४.१.१ महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसंख्यक, लोपोन्मुख जाति, दुर्गम पहाडि तथा हिमाली क्षेत्रका वासिन्दा, बिपन्न वर्ग लगायत बन्चितिकरणमा परेका समुदाय तथा व्यक्तिहरुको लागि सीप विकास तालिम, छात्रबृत्ति कर्जा, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण लगायतका कार्यक्रम संचालन गरिनेछ ।

९.४.१.२ संघ, प्रदेश, स्थानीय तह र यसका कार्यक्षेत्र भित्र उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन आर्थिक तथा सामाजिकरुपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिबृध्दि गरिनेछ ।

९.४.१.३ स्थानीय तहमा असहाय अवस्थामा रहेका एकल महिलाहरुको पहिचान गरी उनीहरुको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम संचालन गरिनेछ ।

९.४.१.४ जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनस्थापना, संरक्षण र शशक्तिकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९.४.१.५प्रजनन अवस्थाका सेवा सुविधाहरुको सुनिश्चतता गर्न, बालवालिकाहरुको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिकरुपमा मूल्याँकन गर्न क्षेत्रगत निकायहरु मार्फत आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९.४.१.६ मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहिन, सुकुम्बासीहरुको पहिचान गरी बसोबास तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनस्थापना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

९.४.१.७ आर्थिक, सामाजिकरुपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिने छ ।

९.४.१.८ लक्षित वर्गलाई बचत परिचालन कार्यमार्फत आर्थिकरुपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

९.४.१.९ आर्थिक सामाजिक तथा साँस्कृतिकरुपले पिछडिएका वर्ग तथा नागरिकहरुलाई लक्षित गरी समुदायस्तरमा सहकारी व्यवशायमार्फत उनीहरुको जीवनस्तर अभिबृध्दि गर्ने कार्य गरिनेछ ।

९.४.१.१०सामाजिक मान्यतामा आधारित परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ ।

९.४.१.११ लक्षित वर्गलाई रोजगारीका अवसर तथा विशेष सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ ।

**८.४.२ आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने ।**

९.४.२.१ स्थानीय आवश्यकता अनुसार आधारभूत तहको विद्यालय शिक्षामा लक्षित वर्गको मातृभाषामा पाठ्यक्रम निर्माण गरी पठनपाठनको व्यवस्था मिलाइनेछ ।साथै विद्यालयस्तरको शिक्षामा सामाजिक समावेशीकरणका विषयवस्तुलाई समेत आवश्यकतानुसार समावेश गरिनेछ ।

नेपाल सरकार, महिला तथा सामान्य प्रशासन ... सिंहदरबार, काठमाण्डौ

९.४.२.२ वेदाश्रम, गुम्वा, मदरसा जस्ता धार्मिक शैक्षिक संस्थाहरुको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।

९.४.२.३ लोपोन्मुख भाषा तथा लिपिहरुको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिनेछ ।

९.४.२.४ गुठी, संग्रहालय, कलाकेन्द्र, सांस्कृतिक सम्पदाको जगेर्ना गरी परम्परागत ज्ञान, सीप, कला, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ

९.४.२.५ स्थानीय तहमा अल्पसंख्यक लगायत आदिवासी जनजातिको पहिचान गर्दै उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै ती समुदायसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरुलाई सहभागी गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९.४.२.६ आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न निकायहरुको संस्थागत सुदृढीकरण र क्षमता अभिबृध्दि गरिनेछ ।

९.४.२.७ आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसंख्यक, लोपोन्मुख जातजातिको लोपोन्मुख भाषा एवम् संस्कृतिलाई संरक्षण र प्रवर्ध्दन गर्न आवश्यक अनुसन्धान, असल अभ्यास तथा सिकाईको अनुसरण एवम् सम्बन्धित वर्गको संलग्नता र त्यसप्रति जागरुकता ल्याउने कार्यक्रम संचालन गरिनेछ ।

९.४.२.८ स्थानीय तहहरुमार्फत स्थानीय भाषा तथा संस्कृतिको संरक्षणका लागि सम्बध्द गैरसरकारी संस्थाहरुको सहयोगलाई परिचालन गरिनेछ।

**८.४.३ सामाजिक जोखिम र पारिवारिक बहिष्करणमा परेका व्यक्तिको पहिचान, संरक्षण, पुनःस्थापन र सशक्तिकरण गर्ने ।**

९.४.३.१ महिला, मधेशी समुदाय, मुस्लिम र पिछडा वर्ग लगायत उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई अवसर तथा लाभको समान वितरण व्यवस्था गरिनेछ ।

९.४.३.२ सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरुपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

९.४.३.३ पिछडिएको क्षेत्र तथा समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, शशक्तिकरण, विकास र आधारभूत आवश्यकता पूर्तिका अवसर तथा लाभका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।साथै विपन्न नागरिकहरुको सकारात्मक विभेद र आरक्षण लगायतका कार्यक्रमको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

९.४.३.४ स्थानीय तहका वडा कार्यालयहरुमार्फत जोखिम र बहिष्करणमा परेका व्यक्तिहरुको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ ।

९.४.३.५ जोखिम र बहिष्करणमा परेका व्यक्तिहरुलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ ।

९.२.३.६ अपाङ्गता, बालवालिका तथा लैंगिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरु निर्माणसम्वन्धी मापदण्ड तयार गरी कार्यान्वियन गरिनेछ ।

९.४.३.७ लैंगिक संवेदनशील विषयहरुको पहिचान गरी सो अनुरुप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ ।

९.४.३.८ अति दुर्गम तथा भौगोलिक बिकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरुलाई तत्काल उध्दार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९.४.३.९ लैंगिक हिंसामा परेका ब्यक्ति, संरक्षण गर्नु पर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र शशक्तिकरण गरिनेछ ।

९.४.३.१० अपाङ्गमैत्री तथा लैंगिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनेछ ।

**८.४.४ समावेशीकरणको अवधारणालाई लक्षित वर्गमाझ पुर्याउन स्थानीय स्तरमा प्रवोधीकरण तथा सचेतना कार्यक्रम संचालन गर्ने ।**

९.४.४.१ स्थानीय तहमा पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

९.४.४.२ सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरु निर्माण गरी उपयोग गरिनेछ ।

९.४.४.३ जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

९.४.४.४ सामाजिक समावेशीकरण सम्बन्धी नीतिको स्थानीय स्तरमा प्रवोधीकरण गरिनेछ ।

९.४.४.५सबै स्थानीय तहहरुमा समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी लागू गरिनेछ।

९.४.४.६ सामाजिक समावेशीकरणका मामिलाहरुलाई सम्बोधन गर्न स्थानीय तहको संस्थागत सुदृढीकरण र क्षमता विकास गरिनेछ ।

९.४.४.७ सामाजिक समावेशीकरणका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्न स्थानीय तहको समन्वयमा गैरसरकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ।

**नीति ५: सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।**

**८.५.१ लक्षित कार्यक्रमहरुको सञ्चालन गर्ने निकायहरुको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने ।**

नेपाल सरकार
...महिला तथा सामाजिक ...
सिंहदरबार, काठमाडौं

९.५.१.१ लक्षित कार्यक्रम संचालन गर्ने संघ, प्रदेश तथा स्थानीय तहका निकायहरुको संस्थागत सुदृढीकरण गरिनेछ ।

९.५.१.२ लक्षित कार्यक्रमहरुको सञ्चालन गर्ने निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरुको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोतसाधनको प्रक्षेपण गरिनेछ।

९.५.१.३ लक्षित कार्यक्रम सञ्चालन गर्ने निकायहरुको संस्थागत सुदृढीकरणका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरिनेछ ।

९.५.१.४ लक्षित कार्यक्रम संचालन गर्न आवश्यकतानुसारका क्षमता अभिबृध्दि कार्यक्रम संचालन गरिनेछ ।

**८.५.२ संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय र सहकार्य गर्ने ।**

९.५.२.१संघ, प्रदेश र स्थानीय तहमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरु आदान प्रदान गरिनेछ ।

९.५.२.२ सामाजिक समावेशीकरणका विषयमा संघ, प्रदेश र स्थानीय तहहरुबीच समन्वय कायम गर्दै मामिलाहरुको पहिचान र समस्या समाधानका लागि सहकार्य गरिनेछ ।

९.५.२.३ सामाजिक समावेशीकरण सम्बध्द आयोग तथा निकायहरुसँग समन्वय गरी यस सम्बन्धी नीति निर्माण तथा कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गर्दै समाधानका लागि अग्र तथा पृष्ठपोषण गर्ने कार्य गरिनेछ ।

**८.५.३ सामाजिक समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अनुसरण गर्ने ।**

९.५.३.१ स्थानीय तहहरुमा भएका असल अभ्यासहरुको पहिचान तथा दस्तावेजीकरण गरी स्थानीय तहहरुबीच प्रचार प्रसार गरिनेछ ।

९.५.३.२ राज्यका सबै तह र क्षेत्रमा विद्यमान समाबेशीकरणका मामिलाहरुको पहिचान गरी सम्बोधन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९.५.३.३ सामाजिक समावेशीकरणका लागि संचालित कार्यक्रमहरुबाट प्राप्त अनुकरणीय सिकाईलाई अनुसरण गर्न विभिन्न तह र क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ ।

९.५.३.४ समावेशीकरणका लागि अन्तर्राष्ट्रिय संघ संस्थासँग भएका अभिसन्धि र व्दिपक्षिय तथा वहुपक्षिय प्रतिवध्दताहरुको कार्यान्वयनमा जोड दिइनेछ ।

९.५.३.५ समावेशीकरणका राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरुको आदान प्रदान गरी कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ ।

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## १० सम्भाव्य जोखिम र निराकरणका उपाय

उल्लिखित रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहायवमोजिमको उपायहरु अवलम्वन गरिनेछ :

| क सं | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय स्थानीय तहको प्राथमिकतामा नपर्नु | कानुन र मार्गदर्शनबाट प्राथमिकतामा राख्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गाउँपालिका तथा नगरपालिका । |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहूँच स्थापित नहुनु । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम संचालन गर्ने | गाउँपालिका तथा नगरपालिका । |
| ३. | नीति कार्यान्वयनमा संलग्न निकायहरु बीच प्रभावकारी समन्वय नहुनु । | प्रदेश समन्वय परिषद्मा छलफल र स्थानीय तहको नीति कार्यान्वयन समितिको नियमित वैठक व्यवस्था गर्ने । | प्रदेश समन्वय परिषद, जिल्ला समन्वय समिति र गाउँपालिका तथा नगरपालिका । |
| ४. | तथ्याङ्कमा आधारित योजना तर्जुमा नहुनु । | योजना तर्जुमा पद्धतिलाई तथ्याङ्कमा आधारित बनाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग र गाउँपालिका तथा नगरपालिका । |

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन सिंहदरबार, काठमाण्डौ

## ११. नीति कार्यान्वयनका लागि मुख्य क्रियाकलापहरु र जिम्मेवार निकायहरु

सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनका लागि राज्यका तीनै तह, सहकारी संस्था, गैर सरकारी संस्था, सामुदायिक संस्था एवं नागरिक समाजबीच सहकार्य, साझेदारी र समन्वय गरी सम्बन्धित सरोकारवालाहरुलाई सामाजिक समावेशीकरण प्रति उत्तरदायी बनाउन विभिन्न तहबाट देहाय बमोजिमका क्रियाकलापहरु संचालन गर्नु पर्नेछ।

| क.सं. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| १. | सरोकारवालाहरुलाई सामाजिक समावेशीकरण नीतिको अभिमूखीकरण गर्ने, | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/प्रदेश सामाजिक विकास मन्त्रालय/स्थानीय तह | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय । | वार्षिक प्रगति प्रतिवेदन |
| २. | सामाजिक समावेशीकरण सम्बन्धी सूचनामूलक सामाग्रीको प्रकाशन तथा संप्रेषण गर्ने, | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/प्रदेश सामाजिक विकास मन्त्रालय/स्थानीय तह | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | प्रकाशन तथा वेव साईट |
| ३. | सामाजिक समावेशीकरण सम्बन्धी विषय आफ्ना नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्न प्रदेश सरकारको संस्थागत क्षमता विकास गर्ने, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय । | तालिम प्रतिवेदन तथा वार्षिक प्रगति प्रतिवेदन |
| ४. | सामाजिक समावेशीकरण सम्बन्धी विषय आफ्ना नीति तथा कार्यक्रममा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सबै | थप सम्बैधानिक आयोग, राष्ट्रिय योजना आयोग | तालिम प्रतिवेदन तथा प्रगति |

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं

| | | | | |
|---|---|---|---|---|
| | आन्तरिकीकरण गर्न स्थानीय तहको संस्थागत क्षमता विकास गर्ने, | मन्त्रालयहरु, प्रदेश सरकार तथा स्थानीय तहहरु । | लगायत विकास साझेदार एवं गैर सरकारी क्षेत्र | प्रतिवेदन |
| ५. | सामाजिक समावेशीकरण सम्बन्धी स्रोत व्यक्ति तयार गर्ने, | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय /प्रदेश सामाजिक विकास मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | विज्ञसूची, वेव साईट |
| ६. | सामाजिक समावेशीकरण सम्बन्धी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, | संघीय विषयगत मन्त्रालय /प्रदेश सरकार/स्थानीय तह | राष्ट्रिय योजना आयोग/प्रादेशिक नीति तथा योजना आयोग | वार्षिक योजना र प्रगति प्रतिवेदन |

नेपाल सरकार।
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | | |
|---|---|---|---|---|
| ७. | मौजुदा नीतिहरु सामाजिक समावेशीकरणको मान्यता अनुरुप भए नभएको पुनरावलोकन गर्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | महिला/दलित/थारु/आदिवासी जनजाति/मुस्लिम/मधेशी /समावेशी आयोग | अध्ययन प्रतिवेदन |
| ८. | समावेशीकरण नीतिको प्रत्येक पाँच वर्षको अन्तरालमा प्रभाव मूल्यांकन गर्ने । | राष्ट्रिय योजना आयोग/प्रादेशिक नीति तथा योजना आयोग | संघीय विषयगत मन्त्रालय/प्रादेशिक मन्त्रालयहरु | अध्ययन प्रतिवेदन |
| ९. | अनुगमन तथा मूल्याँकन ढाँचा (Monitoring and Evaluation Framework) मा रहेका सामाजिक समावेशीकरण सम्बन्धी सूचकलाई परिमार्जन गर्ने। | राष्ट्रिय योजना आयोग | संघीय विषयगत मन्त्रालय | अनुगमन तथा मूल्याङ्कन ढाँचा |
| १०. | सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका अन्तराष्ट्रिय प्रतिवद्धताहरु कार्यन्वयन गर्न आवश्यक ढाँचाहरु तयार गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय लगायत सम्बध्द विषयगत मन्त्रालयहरु | कानून, नीति, कार्यविधि तथा मार्गदर्शनहरु |
| ११. | सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरु हासिल गर्ने मध्ये उत्कृष्ट परिणाम प्राप्त गर्ने स्थानीय तहहरुलाई पुरस्कृत हुने व्यवस्था गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | प्रगति प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| १२. | प्रदेश स्तरमा पछाडी परेका बर्ग, जात जाति, लिङ्ग, क्षेत्र तथा समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने । | सबै प्रदेशका प्रदेश नीति तथा योजना आयोग | प्रदेशका विषयगत मन्त्रालयहरु | वस्तुगत विवरण (Profile), प्रतिवेद, वेव साईट |
| १३. | प्रदेश सरकारले योजना तर्जुमा गर्दा सामाजिक समावेशीकरणका सिद्धान्त र नीतिगत व्यवस्थाहरुलाई अवलम्वन गर्ने। | प्रदेशका विषयगत मन्त्रालयहरु। | प्रदेश मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग | वार्षिक कार्यक्रम पुस्तिका |
| १४ | प्रदेश भित्रका आर्थिक र सामाजिक रुपले पिछडिएका समुदाय अति दुर्गम र भौगोलिक क्षेत्र, अल्पसंख्यक, सिमान्तीकृत तथा लोपोन्मुख समुदाय बसोवास गरेको क्षेत्र तोकि विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने । | प्रदेशका विषयगत मन्त्रालयहरु | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र स्थानीय तह | वार्षिक कार्यक्रम तथा प्रगति प्रतिवेदन |
| १५ | प्रदेश तहका आवधिक तथा बार्षिक कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन प्रणालीमा सामाजिक समावेशीकरणका सूचकहरु समावेश गर्ने । | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग | प्रदेशका विषयगत मन्त्रालयहरु | अनुगमन तथा मूल्याङ्कन सम्वन्धी निर्देशिका वा ढाँचा, प्रतिवेदन |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन ...
सिंहदरबार, काठमाण्डौं

| | | | | |
|---|---|---|---|---|
| १६ | सामाजिक समावेशीकरण नीति तथा कार्यविधि कार्यान्वयनमा स्थानीय र प्रदेश तहवीच सामञ्जस्यता ल्याउने | प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश समन्वय परिषद् | वैठकका निर्णय तथा पत्राचार |
| १७ | स्थानीय तहले आफ्नो सिमा भित्रका भौगोलिक अवस्थिति, आर्थिक र सामाजिक रुपले पिछडिएको समुदायसंग सम्वन्धित खण्डीकृत तथ्यांक अध्यावधिक गर्ने | गाउँपालिका तथा नगरपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय /प्रदेश सामाजिक विकास मन्त्रालय । | वस्तुगत विवरण (Profile), वेव साईट |
| १८ | उपलव्ध खण्डीकृत तथ्यांकको आधारमा स्थानीय तहको सामाजिक समावेशी वजेट तथा कार्यक्रम तर्जुमा गर्ने | गाउँपालिका तथा नगरपालिका | राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय । | वार्षिक योजना पुस्तिका |
| १९ | नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वय, सहकार्यमा स्थानीय तहमा सामाजिक समावेशीकरण सम्वन्धी विशेष कार्यक्रम संचालन गर्ने । | गाउँपालिका तथा नगरपालिका | संघीय विषयगत मन्त्रालय, प्रदेश विषयगत मन्त्रालय | विशेष कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, वार्षिक योजना, प्रतिवेदन |
| २० | स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूलाई सामाजिक | गाउँपालिका तथा नगरपालिका | संघीय विषयगत मन्त्रालय, प्रदेश | अभिमूखीकरण /तालिम |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | | |
|---|---|---|---|---|
| | समावेशीकरण सम्वन्धी अभिमूखीकरण गर्ने । | | विषयगत मन्त्रालय | प्रतिवेदन |
| २१ | स्थानीय तहबाट प्रदान गरिने सबै प्रकारका क्षमता विकास सम्वन्धी कार्यक्रमलाई समावेशीकरणका मान्यता अनुरुप बनाउन तालिम प्याकेज तयार गर्ने । | गाउँपालिका तथा नगरपालिका | संघीय विषयगत मन्त्रालय, प्रदेश विषयगत मन्त्रालय र सम्बध्द तालिम केन्द्रहरु | क्षमता विकास कार्यक्रमका मोड्युल |
| २२ | स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा जवाफदेहिता सम्वन्धी संयन्त्रलाई समावेशी बनाउने । | गाउँपालिका तथा नगरपालिका | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | दिग्दर्शन |
| २३ | गैरसरकारी संघ संस्था, सामुदायिक संस्था, सहकारी तथा निजी क्षेत्रलाई सामाजिक समावेशीकरण उत्तरदायी योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न निर्देशन र सहजीकरण गर्ने। | संघ प्रदेश र स्थानीय तह | संघीय तथा प्रदेश विषयगत मन्त्रालयहरु | सम्वन्धित क्षेत्र परिचालन सम्वन्धी कार्यविधि र दिग्दर्शन |
| २४ | सबै प्रकारका हिंसा, विभेद, कुरीति, कुप्रथा विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गर्ने । | गाउँपालिका तथा नगरपालिका | संघीय तथा प्रदेश विषयगत मन्त्रालयहरु | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन |

१२. संस्थागत व्यवस्था

१२.१ संघीय तह

यस नीतिलाई राष्ट्रव्यापिरुपमा कार्यान्वयन गर्न गराउनका लागि देहाय अनुसारको समिति रहनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

१२.१.१ सामाजिक समावेशीकरण निर्देशक समितिः

| | |
|---|---|
| क) मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अध्यक्ष |
| ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ग) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| घ) सचिव, गृह मन्त्रालय | सदस्य |
| ङ) सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सदस्य |
| च) सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| छ) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ज) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| झ) सह सचिव, संघीय मामिला महाशाखा प्रमुख | सदस्य सचिव |

निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जन गर्ने गराउने,

२. सामाजिक समावेशीकरण मूलप्रवाहीकरण गर्न गराउन एवं नीति कार्यान्वयन गर्न आवश्यक निर्देशन दिने,

३. सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र संचालन गर्न प्रोत्साहन गर्ने,

४. संघ, प्रदेश तथा स्थानीय तहहरुबाट संचालित विकास कार्यक्रमहरुको सामाजिक समावेशीकरण लेखाजोखा र परीक्षण गर्न गराउन निर्देशन दिने,

५. सामाजिक समावेशीकरणको नीति कार्यान्वयनको अनुगमन तथा मूल्याँकन एवं समग्र नीति कार्यान्वयका सम्बन्धमा आवश्यक निर्देशन दिने।

६. सामाजिक समावेशीकरणसंग सम्बन्धित विषयमा नेपाल सरकारले अन्तर्राष्ट्रियरुपमा गरेका प्रतिबद्धताहरु लागू गराउन निर्देशन र प्रोत्साहन गर्ने,

समितिको वैठक सामान्यतया बार्षिकरुपमा वस्नेछ । आवश्यकता अनुसार समितिको वैठक जुनसुकै समयमा वस्न सक्ने छ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

### १२.१.२ नीति कार्यान्वयन तथा अनुगमन समितिः

यस नीतिलाई राष्ट्रव्यापीरुपमा कार्यान्वयन गर्न देहाय अनुसारको नीति कार्यान्वयन तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क) सचिव, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालय | संयोजक |
| ख) सहसचिव प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ग) सह सचिव (संघीय मामिला महाशाखा), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| घ) सह सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ङ) सह सचिव, अर्थ मन्त्रालय | सदस्य |
| च) सह सचिव, गृह मन्त्रालय | सदस्य |
| छ) सह सचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ज) सह सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | सदस्य |
| झ) सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ञ) शाखा प्रमुख, सामाजिक समावेशीकरण शाखा | सदस्य सचिव |

नीति  कार्यान्वयन तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनको लागि खाका तयार गर्ने गराउने,

२. नीति कार्यान्वयनका लागि सम्बध्द तह तथा निकायबीच सहकार्य, सहजिकरण र समन्वय गर्ने गराउने ।

३. सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र संचालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवं सहयोग सम्बन्धी व्यवस्था गर्ने,

४. सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने,

५. सामाजिक समावेशीकरण सहयोगी नीतिहरूसंग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने,

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली,, विधि एवम् प्रक्रियाहरू स्थापित गर्न सहयोग गर्ने,

७. प्रदेश सरकार र स्थानीय तहहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने,

८. स्थानीय तहहरुको योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणलीमा सामाजिक समावेशीकरणको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने,

९. सरकारी तथा गैरसरकारी संघ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,

१०. मन्त्रालय र मातहतका विकास कार्यक्रम र प्रदेश तथा स्थानीय तहहरुको विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने,

११. सरकारले अन्तराष्ट्रियरुपमा गरेका सामाजिक समावेशीकरणसंग सम्बन्धित प्रतिबद्धताहरु लागू एवं कार्यान्वयन गर्न गराउन सहजिकरण, प्रोत्साहन र आवश्यक सहयोग पुऱ्याउने,

१२. आर्थिक एवम् सामाजिकरूपमा पछाडि परेका वर्ग, जात जाति, लिंग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि प्रदेश तथा स्थानीय तहमा आवश्यक वजेट विनियोजन भए नभएको अनुगमन गर्ने,

१३. सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आंकलन र जोखिम सम्बोधन गर्ने गराउने।

१२.२ प्रदेश तहः

प्रदेश समन्वय तथा अनुगमन समितिः

यस नीतिमा भएका प्रावधानलाई प्रदेश तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै यस नीति अनुरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहायअनुसारको समिति रहनेछ ।

प्रदेश समन्वय तथा अनुगमन समिति

क) मन्त्री, सामाजिक विकास मन्त्रालय, — संयोजक

ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग — सदस्य

नेपाल सरकार
महिला तथा सामाजिक ...
सिंहदरबार, काठमाडौं

ग) सचिव, सवै  मन्त्रालय — सदस्य

घ) महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय — सदस्य सचिव

समितिले आवश्यकता अनुसार विषयसंग सम्वन्धित विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।
समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. प्रदेश स्तरमा महिला, बालबालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने गराउने,

२. प्रदेशका योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक समावेशीकरण मैत्री बनाउने र अनुगमन तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरण उत्तरदायी बनाउने,

३. प्रदेशका विकास कार्यक्रममा सामाजिक समावेशीकरण विषय समावेश गर्न प्रदेश स्तरीय कार्यालयहरु, स्थानीय तहहरु गैरसरकारी संस्थाहरु र निजी क्षेत्रलाई समेत उत्तरदायी बनाउन अभिप्रेरित र निर्देशित गर्ने,

४. सामाजिक समावेशीकरण नीति अनुरुप सामाजिक समावेशीकरण अनुगमन कार्यविधि र मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराउने,

५. नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न उपायहरु खोज्ने,

समितिको वैठक सामान्यतया चौमासिकरुपमा वस्नेछ । आवश्यकता अनुसार समितिको वैठक जुनसुकै समयमा बस्न सक्नेछ ।

१२.३ स्थानीय तह

सामाजिक समावेशीकरण नीति कार्यान्वयन समितिः

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै नीति अनुरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिकामा देहायवमोजिमको सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहनेछः

क) अध्यक्ष/प्रमुख, गाउँपालिका/नगरपालिका — संयोजक

ख) उपाध्यक्ष/उपप्रमुख, गाउँपालिका/नगरपालिका — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

नेपाल सरकार
महिला तथा सामाजिक ...
सिंहदरबार, काठमाण्डौ

ग) संयोजक, सामाजिक विकास समिति — सदस्य

ज) सामुदायिक संघ संस्थाहरुमध्येबाट संयोजकले तोकेका कम्तिमा दुई जना महिला सहित पाँच जना — सदस्य

ट) प्रमुख, सामाजिक विकास विभाग/महाशाखा/शाखा — सदस्य सचिव

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१. सामाजिक समावेशीकरणलाई गाउँपालिका/नगरपालिकाको विकास कार्यक्रममा मूप्रवाहीकरण गर्ने,

२. सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निभाउने,

३. सामाजिक समावेशीकरण नीति अनुरुप सामाजिक समावेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,

४. नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालयसँग कार्यगत समन्वय कायम गर्ने,

५. नीति कार्यान्वयन सम्बन्धी अनुगमन र मूल्यांकन गर्ने गराउने,

६. महिला, बालबालिका लगायत वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने।

७. आवधिक, बार्षिक योजना तर्जुमा, कार्यान्वयन, बजेट बाँडफाट, खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरण मैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समावेशीकरण उत्तरदायी बनाउन नियमितरुपमा सम्बन्धित गाउँपालिका/नगरपालिकालाई आवश्यक सुझाव दिने,

८. सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

समितिको वैठक सामान्यतया चौमासिकरुपमा वस्नेछ । आवश्यकता अनुसार समितिको वैठक जुनसुकै बेला पनि वस्न सक्ने छ ।

१३. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ । सामान्यतया पाँच वर्ष पछि यस नीतिको पुनरावलोकन गरिने छ ।

१४. खारेजी र बचाउ

१) लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६ खारेज गरिएको छ ।उक्त नीतिमा भएका व्यवस्थाहरु यस नीतिसँग बाझिएमा बाझिएको हदसम्म सो नीतिको व्यवस्था अमान्य हुनेछ ।

२) यस अघि भए गरेका सामाजिक समावेशीकरण सम्बन्धी सम्पूर्ण काम कारबाही यसै नीति बमोजिम भएको मानिने छ ।

नेपाल सरकार
सिंहदरबार, काठमाण्डौ